"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No):
चलानी नं. (Reg. No):

मिति २०७८/०९/२९

### कोरोना महामारीको तेस्रो लहरबारे
### महालक्ष्मी नगरपालिकाका नगर प्रमुख
## रामेश्वर श्रेष्ठको स्वास्थ्य सन्देश

कोभिड १९ को सबैभन्दा पछिल्लो भेरियन्ट ओमिक्रोनबाट नेपाल पनि प्रभावित भएको छ। पछिल्लो एक साताको संक्रमण दर हेर्ने हो भने अघिल्ला दुई भेरियन्ट भन्दा ओमिक्रोन सबैभन्दा छिटो सर्ने पुष्टि भएको छ।

सबैभन्दा पहिले दक्षिण अफ्रिकामा पुष्टि भएको ओमिक्रोन अहिले नेपाल लगायतका विश्वका धेरै मुलुकमा देखिएको छ। ओमिक्रोन धेरै छिटो फैलन सक्ने वैज्ञानिकहरुले बताए पनि अन्य स्वास्थ्य जोखिमबारे भने अध्ययन अनुसन्धान भइरहेको छ। वैज्ञानिकहरुले अहिले सञ्चालन भएका खोपहरु ओमिक्रोनका लागि प्रतिरोध गर्न सक्छन्, सक्दैनन् भन्ने पनि अनुसन्धानकै अवस्थामा रहेको बताएका छन्।

खोप लगाएका र पहिले संक्रमण भइसकेकालाई पनि ओमिक्रोन संक्रमण भइरहेको पाइएको छ। संक्रमित भएका व्यक्तिमा जटिल समस्या कम भए पनि संक्रमण जोखिमबाट जोगिन उपायहरु अबलम्बन गर्नुपर्ने देखिएको छ। तसर्थ मास्कको सही प्रयोग गर्ने, भौतिक दूरी कायम गर्ने, बेलाबेलामा साबुन पानीले नियमीत हात धुने वा स्यानिटाइजर प्रयोग गर्न हार्दिक अपिल गर्दछु।

नगरबासीको साथ सहयोगले अघिल्ला दुई भेरियन्टको महामारीलाई परास्त गर्न सक्यौं आगामी दिनमा पनि जनस्वास्थ्यका मापदण्डहरूलाई कडाईका साथ पालना गर्न र कुनै समस्या भए नगरपालिकाको स्वास्थ्य शाखा वा सम्बन्धित वडामा रहेका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरूलाई सम्पर्क गर्न अनुरोध गर्दछु।

रामेश्वर श्रेष्ठ
नगर प्रमुख

*"Unite To Fight Against Corona Virus COVID-19"*

फोनः ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np